मिति २०८०/०३/१०

# बागमती गाउँपालिकाको गाउँसभाको तेर्हौं अधिवेशनमा गाउँपालकिा उपाध्यक्ष श्री भक्त बहादुर दर्लामी मगरद्वारा प्रस्तुत बजेट वक्तव्य

बागमती गाउँपालिकाका अध्यक्षज्यू,
प्रमुख अतिथि ज्यू,
विशेष अतिथि ज्यू,
अतिथि ज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडाध्यक्षज्यूहरु,
गाउँ कार्यपालिकाका बोर्ड सदस्य ज्यूहरु,
विभिन्न राजनीतिक दलका पार्टी प्रतिनिधि ज्यूहरु,
गाउँसभाका सदस्य ज्यूहरु,
सम्पूर्ण कर्मचारी ज्यूहरु,
पत्रकार मित्रहरु, सूरक्षा निकायका प्रतिनिधीज्यू एवम् उपस्थित सम्पूर्ण महानुभावहरुमा मेरो अभिवादन एवम् नमस्कार ।

बागमती गाउँपालिकाको गरिमामय गाउँ सभाको तेह्रौं अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यस अवसरमा नेपालमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाका लागि विभिन्न आन्दोलनहरुमा शाहदत् प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मान तथा भावपूर्ण हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै राष्ट्रियता, लोकतन्त्र तथा गणतन्त्र प्राप्तिको लागि अतुलनीय योगदान पुऱ्याउनु हुने अग्रणी व्यक्तिहरुको उच्च सम्मानसाथ स्मरण गर्न चाहान्छु ।

नेपालमा लामो राजनैतिक संघर्ष, महान दश वर्षिय जनयुद्ध र जन युद्धको जगबाट विभिन्न आन्दोलन हुँदै शान्ति सम्झौता, अन्तरिम संविधान र संविधान सभाको निर्वाचनबाट संविधान जारी भए पश्चात नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ । संघीय राज्य व्यवस्थालाई आत्मसात गर्दै स्थानीय तह निर्वाचनबाट नेपाली जनताले स्थानीय जनप्रतिनिधि चुनेर ऐतिहासिक जिम्मेवारी दिएको छ । यस अर्थमा थुप्रै चुनौतीहरुसँग जुध्दै बागमती गाँउपालिकाले आज सम्मको यात्रा तय गरेको छ । लोकतान्त्रिक शासन प्रणालीको मान्यता नै आवधिक निर्वाचन र खुला प्रतिस्पर्धा हो । बागमतीका जनताले हामीलाई प्रदान गरेको म्यान्डेट अनुसार आवधिक बजेट, नीति तथा कार्यक्रम मार्फत हामीले निर्धारण गरेको समृद्धिको लक्ष्य तर्फ अनवरत रुपमा अघि बढी रहेका छौ । यस क्रममा साथ, सहयोग गर्नुहुने राजनीतिक दल, शिक्षक, बुद्धीजीविहरु लगायत यस गाँउपालिकाका आदरणीय जनसमुदायमा हार्दिक धन्यवाद पनि दिन चाहन्छु ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारका राजनीतिक तथा प्रशासनिक संयन्त्र सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ । संविधानमा नै व्यवस्था भएर नेपालको इतिहासमै पहिलो पटक स्थानीय तहलाई यति धेरै अधिकार सम्पन्न बनाईएको छ । शक्ति पृथकिकरणको शिद्धान्त अनुरुप कार्यपालिका, गाँउसभा र न्यायिक समितिको व्यवस्थाले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापित गरेको छ । तसर्थ स्थानीय सरकारसँग आमजनताको ठूलो आशा आकाङ्छाहरु जोडिएका छन् । सबैको अपन्नोती रहने गरी सहमति, सहकार्य र समन्वयमा गाउँपालिकाको समग्र आर्थिक, सामाजिक विकासमा योगदान पुऱ्याउने ठूलो मौकाको रुपमा लिएको छु ।

बागमती गाँउपालिकाको स्रोत र साधनहरुको उच्चतम प्रयोग र व्यवस्थापन सहित आफ्नो नीति तथा कार्यक्रम र सो बमोजिम बजेट विनियोजन गराइ योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयन गर्न सकेमा गाउँपालिकाले राखेको लक्ष्य एवम् बागमती गाउँबासीहरुले आकाङ्क्षा राखेको सुखी र  समृद्ध बागमती निर्माणको परिकल्पना सकार हुनेमा हामी विश्वस्त छौं । बागमतीका जनताले हामी माथि विश्वास गरेर दिएको जिम्मेवारीलाई मन, वचन र कर्मले पूरा गर्न हामी प्रतिबद्ध रहेका छौ ।

नेपालको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतिका बाबजुद पनि बागमती गाउँपालिका दीर्घकालिन विकास तथा यहाँका जनताको समृद्धिका लागि अपरिहार्य क्षेत्रहरुलाई समेटिने गरि बजेट तथा कार्यक्रम लक्षित गरेको छु । बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, गाउँपालिकाको आवधिक योजना तथा मध्यकालीन खर्च संरचना, आ.व. २०८०/८१ को संघीय सरकारको नीति तथा कार्यक्रमहरु, संघीय सरकारको आ.व. २०८०/८१ को बजेट वक्तव्य, आ.व. २०८०/८१ को बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु, बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ को बजेट वक्तव्य, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, संघीय, प्रदेश सरकार एवम् गाउँपालिकाले जारी गरेका नीति, कानून तथा मापदण्डहरु लगायत यस गाउँपालिकाको स्रोत साधनहरु र गाउँपालिकाको विगत गाउँसभाबाट पारित नीति तथा कार्यक्रमहरु लगाय राजनीतिक दल, संघ संस्था, विद्वत वर्ग, आम नागरिक, निजी तथा गैर सरकारी क्षेत्रहरुबाट प्राप्त सुझावलाई आधार बनाएको छु ।

आदरणीय गाउँ पालिका अध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु

अब म बागमती गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालु आर्थिक वर्षको २०८० असार १० गते सम्मको कुल खर्च मध्ये चालु खर्च रु २५ करोड ३१ लाख ४५ हजार ८४५ अर्थात विनियोजनको ६७.०३%, पुँजीगत खर्च रु १४ करोड ४७ लाख ८२ हजार २९३ अर्थात विनियोजनको ६३.४७ % भएको छ ।

२. चालु आर्थिक वर्ष राजस्व सङ्कलन रु ६८ लाख ४२ हजार ३७० हुने संसोधित अनुमान छ । यो लक्ष्यको तुलनामा ३२.५८% हो भने गत वर्षको तुलनामा १५.८२% कम हो । खासगरी ढुङ्गा गिट्टी बालुवा माटो भरानको उत्खनन् निकासीमा नेपाल सरकारको समयमा नै ठोश नितीहरु नआउनु तथा गाउँपालिकाले आव्हान गरेको सो सम्बन्धि बोलपत्रमा बोलपत्रदाताहरु सहभागी नहुनु रहेको छ ।

३. राष्ट्रिय अर्थतन्त्रमा भएका चुनौतिका कारण नेपाल सरकार र प्रदेश सरकारको वित्तिय समानिकरण मार्फत प्राप्त हुने अनुदान लगायत नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदानमा भारी कटौती भएको कारण आगामी आ.व. ०८०/८१ मा बाँकी भुक्तानीको रुपमा दायित्व सृजना हुने देखिन्छ । कुल बजेटको ठूलो हिस्सा यसरी छुट्याउनु पर्दा आगामी वर्षको विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाप परेको छ ।

आदरणीय गाउँ पालिका अध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु

अब म बागमती गाउँपालिकाको बजेट प्रणालीमा देखिएका चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु :

४. नेपाल सरकाको आर्थिक सुचाङ्कलाई मध्य नजर गर्दा गाउँपालिकालाई प्राप्त हुने संघीय तथा प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने समानिकरण अनुदान एवम् राजस्व बाँडाफाँडबाट प्राप्त हुने प्रक्षेपित रकम अघिल्ला आ.व.हरुमा भन्दा घटेर आउनु आफैंमा चुनैती छ भने भोलिका दिन पनि पून नेपाल सरकारको आर्थिक सूचाङ्कहरुमा बृद्धि नभए घटेर आएको प्रक्षेपित अनुदान कार्यान्वयनमा पूनः कटौति हुने थप चुनैती हाम्रो सामु रहेको छ ।

५. राजस्व सङ्कलन लक्ष्य भन्दा कमी रहेको छ । राजस्व प्रणालिमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्ता गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने देखिन्छ ।

६. अपेक्षित ठूला व्यवसायिक लगानी भित्र्याउन सकिएको छैन । लगानीमैत्री वातावरण सिर्जना गर्नु पर्ने आवश्यकता महसुस गरिएको छु ।

७. माथि उल्लेखित चुनौतिका बाबजुद पनि नेपाल सरकार, बागमती प्रदेश सरकारले लिएका पहलकदमी लगायत बागमती गाउँपालिकाले सुरु गरेको छलफल प्रयासहरुले गाउँपालिकाको समग्र विकास सुचाङ्कहरुमा सकारात्मक परिवर्तन देखिन थालेको छ ।

८. गाउँपालिकाले नवनिर्मित प्रसाशनिक भवन मार्फत सेवा सुरु गरिसकेको व्यहोरा हामी सबैलाई अवगत नै छ साथै गाउँपालिकालाई आवश्यक सवारी साधनहरु समेत खरिद भइ सकेको सन्दर्भमा खर्चहरु धेरै मात्रामा कटौती हुने देखिन्छ ।

९. यसैगरी साधारण खर्चलाई निश्चित सीमा भित्र राख्ने र विनियोजन दक्षता तथा कायान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गराइ सार्वजनिक खर्च प्रभावकारी र उपलब्धिमूलक हुने अपेक्षा गरेको छु ।

आदरणीय गाउँ पालिका अध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु

अब म सभा अध्यक्षको अनुमतिले आर्थिक बर्ष २०८०।८१ को आय व्यय (बजेट) प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- आर्थिक वर्ष २०८०।८१ को लागि कुल रु. ४८ करोड ४० लाख २६ हजार बजेट विनियोजन गरेको छु ।

**<u>आय तर्फ</u>** :

१. सर्शत अनुदन : २५ करोड ६० लाख २६ हजार

२. समपुरक अनुदान : १ करोड ८० लाख

३. विशेष अनुदान : १ करोड ७५ लाख

४. वित्तीय समानीकरण अनुदान :७ करोड ९६ लाख ४० हजार
५. राजस्व बाँडफाँड :८ करोड ६२ लाख ३९ हजार ९५३
६. आन्तरिक आय :१ करोड ५० लाख
७. अल्या तथा अन्य आय : १ करोड १६ लाख २० हजार ४७

<u>व्यय तर्फ</u> :

- कुल रु. ४८ करोड ४० लाख २६ मध्ये चालु तर्फ रु. ३२ करोड २६ हजार र पूँजीगत तर्फ रु. १६ करोड ४० लाख विनियोजन गरेको छु ।
- चालु र पूँजीगत तर्फ क्रमश: ६६.१२ र ३३.८८ प्रतिशत रहेको छ ।
- सर्शत तर्फ कुल रु २५ करोड ६० लाख २६ हजार विनियोजन गरिएको छ
- समपुरक तर्फ रु. ३ करोड ६० लाख रकम विनियोजन गरेको छु ।
- विशेष अनुदान तर्फ रु. १ करोड ७५ लाख रकम विनियोजन गरिएको छ ।
- लागत साझेदारी तर्फ रु. ५० लाख रकम विनियोजन गरेको छु ।
- भुक्तानी दिन बाँकी चालु तर्फ रु. ५० लाख रकम विनियोजन गरेको छु ।
- भुक्तानी दिन बाँकी पूँजीगत तर्फ रु. १ करोड ९८ लाख रकम विनियोजन गरेको छु ।
- प्रशासनिक भवन तथा कर्मचारी आवास सम्पन्न गर्नका लागि रु. १ करोड रकम विनियोजन गरेको छु ।
- प्रशानिक चालु तर्फ रु ६ करोड विनियोजन गरेको छु ।
- प्रशासनिक पूँजीगत तर्फ रु १ करोड विनियोजन गरेको छु ।
- वडा नं. १ देखी ७ सम्मका सम्पूर्ण सडक मर्मत तथा संभारका लागि प्रति वडा रु. ६ लाखका दरले एकमुष्ट रु. ४२ लाख रकम विनियोजन गरेको छु ।
- १ देखी ७ सम्म वडाहरुको वडास्तरीय योजना तथा कार्यक्रमका प्रति वडा ३० लाखका दरले एकमुष्ट रु. २ करोड १० रकम विनियोजन गरेको छु ।
- आर्थिक विकास तर्फ ५० लाख रकम विनियोजन गरेको छु ।
- अध्यक्ष कार्यक्रम तर्फ ३५ लाख र उपाध्यक्ष कार्यक्रम तर्फ ३५ लाख गरी जम्मा ७० लाख रकम विनियोजन गरेको छु ।
- सामाजिक विकासका तर्फ एकमुष्ट रु. १ करोड ६० लाख रकम विनियोजन गरेको छु ।
- पूर्वाधार विकासका तर्फ रु. ८० लाख रकम विनियोजन गरेको छु ।
- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. २५ लाख विनियोजन गरेको छु ।
- संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ एकमुष्ट रु. १० लाख रकम विनियोजन गरेको छु ।

आदरणीय गाउँ पालिका अध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु

पूनः बजेट तर्जुमाको क्रममा सहयोग सल्लाहा र सुझाव प्रदान गर्नुहुने गाउँपालिकाका जनप्रतिनिधी, राजनीतिक दल, बुद्धीजीवि, विज्ञ, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर सरकारी क्षेत्र, नागरिक समाज लगायत प्रत्यक्ष अप्रत्यक्ष सरोकारवालाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै अन्तमा कृषि, पर्यटन र पूर्वाधारः समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार भन्ने नारा साकार गर्ने ध्येयका साथ प्रस्तु गरिएको यस बजेटको कार्यान्वयमा सरोकारवाला सम्पूर्णबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ! जय बागमती !!

भक्त बहादुर दर्लामी मगर

(गाउँपालिका उपाध्यक्ष)

बागमती गाउँपालिका

ललितपुर